**अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)**

# स्थानीय राजपत्र

खण्ड १०　　　संख्या २　　　मिति: २०८२।०९।११

## भाग-२

**जनकपुरधाम उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जनकपुरधाम, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## जनकपुरधाम उप-महानगरपालिकाको

## नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यवीधि,२०७५मा संशोधन

**प्रमाणिकरण मिति २०८२/०९/११ गते (प्रथम संशोधन)**

जनकपुरधाम उप-महानगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ मा संशोधन सम्बन्धी सूचना ।

नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद ४ बुंदा नं. १० मा रहेको "नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगितादव्ारा पदपूर्ति गरिनेछ । " भन्ने व्यवस्थामा थप गरी "नगर प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगितादव्ारा पदपूर्ति गरिनेछ। साथै नेपाल प्रहरी,सशस्त्र प्रहरी र नेपाली सेनाबाट अवकास प्राप्त उम्मेदवारलाई ग्राहिता दिईने छ" भनी व्यवस्था कायम गरिएको छ ।

त्यस्तै परिच्छेद ४ बुंदा नं. १२ को १ मा भएको व्यवस्था " दरखास्त आव्हान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा भई र २४ वर्ष ननाघेको" को सट्टा "दरखास्त आव्हान भएको सालको बैशाख १ गते १८ वर्ष उमेर पुरा भई र ३५ वर्ष ननाघेको" कायम गरिएको छ ।

प्रमाणिकरण मितिः२०८२।०९।११

आज्ञाले,
मित्रलाल ढकाल
**प्रमुख प्रशासकीय अधिकृत**